# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खोपवा, बारा
प्रदेश नं. २, नेपाल
स्थापित २०७३

पत्र संख्या : ०७७/०७८
चलानी नं. : २१

मिति : २०७७/०४/०७

श्री वडा कार्यालय, सबै।
बारागढी गाउँपालिका,
खोपवा, बारा।

विषय:- **बेरोजगार व्यक्ति सुचिकरण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद। को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यत्तिहरुले २०७७ श्रावन ८ गते देखी २०७७ भाद्र ७ गते सम्ममा यसै पत्रसाथ संलग्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ संशोधित बमोजिम आफूले स्थायी बसोवास गरेको यस बारागढी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत गरि ताहा बडा समितिवाट निर्णय गराई २०७७ भाद्र ८ गते सम्मका सूचीकृत भएका सम्पूर्ण निवेदन यस बारागढी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाईदिनुहुन अनुरोध छ।

पुनश्च:- २०७७ भाद्र ८ गते देखी २०७७ भाद्र मसान्तसम्म बेरोजगार व्यक्ति सूचीकरणका सम्पूर्ण प्रकृया पुरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्नुपर्ने भएकोले २०७७ भाद्र ८ गते देखी बडा समितिको निर्णय बाहेक कुनै पनि निवेदन लिईने छैन र अनुसूची १ वमाजिम निवेदन भर्दा पारिवारिक विवरण सहित सम्पूर्ण विवरण भर्नुपर्ने छ तथा अपूर्ण रहेको निवेदन स्वतः रध मानिनेछ र EMIS मा समेत प्रविष्ट गरिने छैन।

पप्पु साह
(रोजगार संयोजक)

अमोद चौधरी
(प्रमुख प्रशासकिय अधिकृत)